# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरुः-

**संवत् २०८२ साल भदौ ३१ गते मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मिति २०८२।०५।२३ र २४ भएको जेनजी आन्दोलनका क्रममा ज्यान गुमाउका शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने तथा घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मिति २०८२।०५।२३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेशको शान्ति सुरक्षा कायम राख्न सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग एवम् नागरिक समाजले खेलेको भूमिका प्रति धन्यवाद दिने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मिति २०८२।०५।२३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा लुम्बिनी प्रदेश भित्र भएको क्षतिको विवरण संकलन गर्न सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** नेपालको संविधानको धारा १८३ (२) बमोजिम प्रदेश सभाको चालु छैटौं अधिवेशन सम्वत् २०८२ भदौ ३१ गते मंगलबार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** २०८२ असोज ३ गतेको संविधान दिवश प्रदेश भरी मनाउने र प्रदेश राजधानी परिसरमा दिवस समारोहका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई जिम्मा दिने।